केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१२/०६९/७० मिति: २०६९/०९/०६

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(क) **सामुहिक लगानी कोषमा गरिएको लगानीको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था कायम गरिएको छ:**

१. एकीकृत निर्देशन, २०६९ को इ.प्रा.निर्देशन नं. १ अन्तर्गत पूँजीकोष गणना गर्ने प्रयोजनको लागि सामुहिक लगानी कोषमा गरिएको लगानीलाई १०० प्रतिशत जोखिम भार प्रदान गरी जोखिम भारित सम्पत्तिको गणना गर्नु पर्ने छ।

२. एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ८ को बुँदा नं. ३ को उपबुँदा (४) मा उल्लिखित "…. तर, वित्तीय स्वार्थ भएको कम्पनीको हकमा आफ्नो प्राथमिक पूँजीको विस प्रतिशतसम्म लगानी गर्न सक्नेछ। वित्तीय स्वार्थ भएको संगठित संस्थाहरुको शेयर तथा डिवेञ्चरमा गरेको कुल लगानी रकमलाई पूँजीकोष गणना गर्दा प्राथमिक पूँजीबाट घटाई पूँजीकोष कायम गर्नु पर्ने छ।" भन्ने व्यहोराको सट्टा देहाय बमोजिम कायम हुने गरी उपबुँदा (४क) थप गर्ने:

(४क) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो वित्तीय स्वार्थ भएको कम्पनीको हकमा आफ्नो प्राथमिक पूँजीको विस प्रतिशतसम्म लगानी गर्न सक्नेछ। वित्तीय स्वार्थ भएको संगठित संस्थाहरुको शेयर तथा डिवेञ्चरमा गरेको कुल लगानी रकमलाई पूँजीकोष गणना गर्दा प्राथमिक पूँजीबाट घटाई पूँजीकोष कायम गर्नु पर्ने छ।

तर प्रचलित कानुनी व्यवस्था बमोजिम कोष प्रवर्द्धकको तर्फबाट अनिवार्य रुपमा विज पूँजी वापत लगानी गर्नु पर्ने रकम प्राथमिक पूँजीबाट घटाउन अनिवार्य हुने छैन।

(ख) बैंक तथा वित्तीय संस्थाहरुबाट Good for Payment नगरिएका चेकहरु समेत भुक्तानी योग्य Good Instrument हुँदाहुँदै पनि धारक (Holder) ले थप निश्चितता (Assurance) गर्न चाहेको खण्डमा Good for Payment गर्ने प्रयोजनको लागि देहायको व्यवस्था कायम गरिएको छ:

१. चेक Good for Payment गर्ने बैंक तथा वित्तीय संस्थाले सो चेक बराबरको रकम सम्बन्धित खातामा System बाट नै Ear-mark हुने गरी System printed प्रमाण चेकमा वा चेकसंग उपलब्ध गराउने व्यवस्था गरी सोको अभिलेख राख्नु पर्ने।

२. Good for Payment गरिने चेकको मिति Good for Payment गरेको मिति भन्दा पछिको (Post dated) हुन नहुने।

३. Good for Payment चेक जारी गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण तथा सन्तुलनको व्यवस्था गरी यस्तो चेक जारी भएको विवरण प्रमुख संचालन अधिकृतलाई उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. Good for Payment चेक धितो राखी कर्जा लिन/दिन पाइने छैन ।

५. Good for Payment चेक जारी गर्दा जारी गर्ने कार्यालयका कम्तिमा दुई जना पदाधिकारीले आफ्नो कोड नं. सहित नाम, पद र मिति खुलाई दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्ने ।

तर नेपाल सरकारले भुक्तानी पाउने गरी प्रचलित नीतिगत व्यवस्थाको अधिनमा रहेर Good for Payment चेक जारी गर्न माथि उल्लिखित व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।